# गजुरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

गजुरी, धादिङ
३ नं. प्रदेश, नेपाल

प.स. ०७५।७६
च.नं. १०१०

मिति २०७५।११।१२

**विषयः गजुरी गाउँपालिका स्तरीय कक्षा ८ को अन्तिम परीक्षाको समय तालिका सम्बन्धी सुचना ।**

श्री कक्षा ८ सचालित सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु,
गजुरी गाउँपालिका,धादिङ ।

प्रस्तुत विषयमा यस गजुरी गाउँपालिकाद्वारा सञ्चालन हुने आधारभुत तहको अन्त्यमा लिइने (कक्षा ८) परीक्षाको समय तालिका एवं परीक्षा सम्बन्धी अन्य निर्देशन निम्न अनुसार तय गरिएको हुँदा सोही अनुसार गर्नु गराउनु हुन गाउँपालिका अन्तर्गतका कक्षा ८ सञ्चालन भएका सम्पूर्ण विद्यालयहरुलाई जानकारी गराइन्छ ।

**समय तालिका**
**(परीक्षा सञ्चालन समय दिनको १२:३० बजे देखि३:३० सम्म)**

| क्र.स. | मिति | विषय |
|---|---|---|
| १. | २०७५ साल चैत्र ७ गते बिहिवार | अंग्रेजी |
| २. | २०७५ साल चैत्र ८ गते शुक्रवार | नेपाली |
| ३. | २०७५ साल चैत्र १० गते आइतवार | गणित |
| ४. | २०७५ साल चैत्र ११ गते सोमवार | विज्ञान तथा वातावरण |
| ५. | २०७५ साल चैत्र १२ गते मंगलवार | सामाजिक अध्ययन र जनसख्या शिक्षा |
| ६. | २०७५ साल चैत्र १३ गते बुधवार | पेशा व्यवसाय र प्रविधि |
| ७. | २०७५ साल चैत्र १४ गते बिहिवार | १. नैतिक शिक्षा २. स्वास्थ्य तथा शारिरिक शिक्षा |
| ८. | २०७५ साल चैत्र १५ गते शुक्रवार | मातृभाषा/स्थानिय भाषा/संस्कृत/कम्प्युटर वा अन्य विषय |
| ९. | २०७५ साल चैत्र १७ गते आइतवार | सबै विषयको प्रयोगात्मक परीक्षा |

**ध्यान दिनुपर्ने कुराहरु:**

१.सम्बन्धित विद्यालयलाई परीक्षा केन्द्र र सोही विद्यालयका प्र.अ.लाई केन्द्राध्यक्ष तोकिएको छ ।

२.प्रश्नपत्र प्याकेट खोल्दा प्याकेटमा लेखिएको मिति र विषय राम्रोसंग हेरी ३ जनाको रोहवरमा प्र.अ. ले परीक्षा शुरुहुनु भन्दा ३० मिनेट अगाडी मुचुल्का गरी खोल्नु पर्नेछ ।

३.प्रश्नपत्रको प्याकेट खोल्दा कुनै त्रुटि फेला पारेमा सुरक्षित एवं गोप्य राखी शिक्षा, युवा तथा खेलकुद शाखामा खबर गरी प्राप्त निर्देशन बमोजिम अगाडी बढ्नु पर्नेछ ।

४.परीक्षाको दिन कुनै आकस्मिक विदा पर्न आएमा परीक्षा समितिको पुर्व सुचना विना परीक्षा स्थगित हुने छैन ।

५.प्रश्नपत्र बुझेर लैजाने एवं गोप्य रुपमा राखी मर्यादित ढंगले परीक्षा सञ्चालन गर्ने मुख्य जिम्मेवारी केन्द्राध्यक्षको हुनेछ ।

६.विद्यालयहरुले परीक्ष समिति मार्फत प्रश्नपत्र, उत्तरपुस्तिका, उत्तरकुञ्जिका लगायतका सामग्रीहरु बुझिलिनु पर्नेछ । ग्राफ पेपर लगायतका अन्य सामाग्रीको वयवस्था विद्यालय स्वमले गनुपर्नेछ ।

ईश्वर कुमार श्रेष्ठ
शाखा अधिकृत

# गजुरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

गजुरी, धादिङ
३ नं. प्रदेश, नेपाल

प.सं.

च.नं. १०१०

मिति ..................

७.परीक्षा सञ्चालन गर्दा कार्यलयले उपलब्ध गराइएको वर्णानुक्रम अनुसारको सिम्बोल नम्बर अनुसार १ बेन्चमा दुई जना परीक्षार्थी राखी मर्यादित ढगले परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

८.विशिष्टिकरण तालिका बमोजिम सम्पूर्ण विद्यालयहरुले प्रयोगात्मक परीक्षा सञ्चालन गरी दिइएको ढाँचामा अंक प्रविष्ट गरी सैद्धान्तिक अंक समेत प्रविष्ट गरी ल्याउनु पर्ने छ ।

९.स्थानिय विषय अन्तर्गत कम्प्युटर विषयको प्रश्नपत्र परीक्षा समितिले उपलब्ध गराउने छ । साथै कम्प्युटर विषय बाहेक  अन्य विषय लागु भएको भए सो विषयको प्रश्नपत्र विद्यालय आफैले निमार्ण गरी सञ्चालन गर्नुपर्ने छ ।

१०.उत्तरपुस्तिका परीक्षण तथा समपरीक्षणको लागि तोकिएको परीक्षा केन्द्रमा गणित, विज्ञान, अंग्रेजी,सामाजिक, अध्ययन र जनसंख्या, नेपाली गरी ५ विषयका उत्तपुस्तिका मात्र लैजानु पर्नेछ । अन्य विषयको परीक्षण तथा सम्परीक्षणको व्यवस्थापन सम्बन्धित विद्यालयले नै गनु पर्नेछ ।

११. विद्यालयले विषय शिक्षक मार्फत ५ विषय बाहेका उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण  गरी ४ दिन भित्र परीक्षा समितिलाई बुझाईसक्नु पर्दछ ।

१२.उत्तरपुस्तिका परीक्षण गर्दा अनिवार्य रुपमा पहिलो पृष्ठमा दिईएको टेबुलमा टेबुलेसन गर्नुपर्ने छ ।

१३.विद्यालयले शिक्षा शाखालाई उपलब्ध गराएको विद्यार्थीले हासिल गरेको अङ्कलाई परीक्षा समितिले Grade System मा रुपान्तरण गरी Grade Sheet  विद्यार्थीलाई उपलब्ध गराइनेछ ।

१४.तोकिएको तालिका अनुसार परीक्षामा सामेल नहुने परीक्षार्थीहरुलाई परीक्षाको अर्को व्यवस्था गरिनेछैन ।

१५.कक्षा ८ को परीक्षामा सहभागी हुने विद्यालयहरुले विद्यार्थीको विवरण Hard Copyर Soft Copy माघ मसान्त भित्र स्रोतव्यक्ति मार्फत बुझाइसक्नु पर्नेछ ।

१६.संस्थागत विद्यालयहरुले प्रति विद्यार्थी रु २५० को दरले परीक्षा शुल्क मिति २०७५/११/१५  गते भित्र परिक्षा समितिमा बुझाउनुपर्नेछ ।

ईश्वर कुमार श्रेष्ठ
शाखा अधिकृत
गजुरी गाउँपालिका
धादिङ ।

ईश्वर कुमार श्रेष्ठ
शाखा अधिकत